Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

1993

# राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

## NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.:

मिति २०७६/०१/९

माननीय अर्थ मन्त्री ज्यु
अर्थ मन्त्रालय
सिहदरबार काठमाण्डौ ।

**विषय : आ. ब.०७६/०७७ को नीति कार्यक्रममा अपाङ्गताको सवाल सम्बन्धमा ।**

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल अपाङ्गता भएका ब्यक्तिहरुको हक अधिकार संरक्षण प्रवर्धन र संवर्धनको लागि कृयाशिल एकमात्र राष्ट्रिय स्तरको अपाङ्गता भएका ब्यक्तिहरुको छाता संस्था हो । यस संस्थामा अपाङ्गता भएका ब्यक्तिहरुले संचालन गर्दै आएका ३२७ गैर सरकारी संस्थाहरु आवद्ध रहेका छन् । यो संस्था छाता संस्थाको रुपमा २०५० सालदेखि निरन्तर कृयाशिल हुँदै आएको छ । अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिमा नेपालले हस्ताक्षर गरी अनुमोदन गरीसकेको छ । लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको संविधान, २०७२ र अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बान्धी ऐन, २०७४ ले अपाङ्गता भएका ब्यक्तिहरुको प्रतिनिधित्व र अधिकारलाई प्रष्ट ब्यावस्था गरेको छ । दिगो विकासका विश्वव्यापी लक्षहरूले अपाङ्गताको सवाललाई समेटेको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि शिक्षा, स्वास्थ्य र रोजगारी सम्बन्धी अन्य विभिन्न नीतिगत व्यवस्थाहरू छन् । तर नीति र कानुनमा उल्लेखित प्रावधान, सेवा सुविधाहरू सरकारका वार्षिक कार्यक्रममा प्रतिविम्बित नहुँदा र भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपाङ्गता भएका ब्यक्तिका जीबनमा खासै सकारात्मक प्रभाव पार्न सकेको छैन् । तसर्थ अपाङ्गता भएका ब्यक्तिको जीवनमा परिवर्तनको महशुस गर्न सरकारको आगामी आ.ब. ०७६/०७७ को प्रस्तावित नीति तथा कार्यक्रममा अपाङ्गता भएका ब्यक्तिहरुका सवालहरुको सम्वोधन गरी आवश्यक बजेट विनियोजन गरीदिनु हुन निम्न लिखित बुदाहरु सहित अनुरोध गर्दछु ।

**नीति तथा कार्यक्रममा समेटनु पर्ने सवालहरु**

१. सर्वोच्च अदालतले गरेको फैसलाको कार्यान्वयन गर्न पूर्ण अशक्त अपाङ्गता भएका ब्यक्तिले प्राप्त गरिरहेको सामाजिक सुरक्षा भत्ता २ हजारबाट बढाएर मासिक ५ हजार, अति अशक्त अपाङ्गता भएका ब्यक्तिको हकमा ६ सयबाट बढाएर २ हजार बनाई अपाङ्गता परिचय पत्र प्राप्त सबै ब्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता साथै ब्यक्तिगत सहयोगी सेवाको लागि आवश्यक बजेट बिनियोजन गरियोस ।

२. सम्पुर्ण भौतिक संरचना एवं सूचना प्रणाली पहुँचयुक्त (अपाङ्गता मैत्री) बनाउने नीति अवलम्बन गरिनुका साथै यस सम्बन्धी जनचेतना र क्षमता विकासका लागि बजेट बिनियोजन गरियोस ।

३. अपाङ्गता भएका ब्यक्तिले खोलेका उद्योगमा कर छुट, रोजगारीमा कर छुटको दायरा फराकिलो, सम्पत्ति खरीद विक्रिमा कर छुट, सहायक सामग्री (जस्तै ट्राइ साइकल, मेनुअल वा

विधुतिय ह्वीलचियर, बैशाखी, क्रचेस, वाकर, सेतोछडि, श्रवणयन्त्र, क्यालिपर, टकटायल, कृतृम अंगहरू र कृतिम अङ्ग बनाउने कच्चा पदार्थ) को खरीदमा भन्सार छुट र सहायक सामग्री उत्पादनका लागि पर्याप्त बजेट विनियोजन गरियोस ।

४. घरवार विहिन अपाङ्गता भएका ब्यक्तिहरुको लागि जनता आवास कार्यक्रम अन्तरगत उपयुक्त अनुकुलता सहितका पहुँचयुक्त आवास निर्माण, बेवारिसे घरवारविहित अपाङगता भएका ब्यक्तिहरुको पुनर्स्थापनाका लागि आवश्यक बजेट बिनियोजन गरियोस ।

५. सांकेतिक भाषाको विकास तथा अनुसन्धान केन्द्रको स्थापना गरि यसको विकास, प्रचार, प्रवर्धन र बढी जनसम्पर्क हुने कार्यालयहरुमा दोभाषेको ब्यवस्थाका लागि बजेट विनियोजन गरीयोस ।

६. अपाङ्गता भएका ब्यक्तिहरुको दैनिक जिवनलाई सहज बनाइ सेवा र सुविधामा पहुँच बढाउनको लागि ६ सिट सम्मको गाडि, अपाङ्गता रोकथाम, उपचार र पुनर्स्थापनाको काम गर्ने निकायका लागि १८ सिट सम्मको सवारी साधन खरीदमा भन्सार छुटको नीति अवलम्बन गरीयोस ।

७. एन्टी हेमोपेलिया फ्याक्टर, शारीरिक वा मानसिक अवस्था (अपाङ्गता भएका) को कारणले नियमित सेवन गर्नु पर्ने औषधीहरु वा स्वास्थ्य सामग्रीहरू (जस्तै डाइपर, क्याथेटर, स्वास्थ्य सेवा, जाँच वा परीक्षण, परामर्श, औषधी) निःशुल्क उपलब्ध गराउने ब्यवस्था गरियोस ।

८. राष्ट्रिय अपाङ्ग महासंघ नेपाललाई चालु आवका लागि छुट्याइएको अनुदान रकमको दायरा फराकिलो बनाइ अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको क्षमता विकास, जनचेतनाका लागि सशर्त अनुदानको ब्यवस्था गरियोस ।

९. विद्यालयको पहुँचभन्दा टाढा रहेका बौद्धिक अपाङ्गता, अटिजम, बहिरा, दृष्टिविहिन, श्रवणदृष्टिविहिन अपाङ्गता भएका बालबालिकाहरुको समावेशी शिक्षाका लागि समावेशी शिक्षा सम्बन्धी सचेतना र मानव स्रोत विकासका लागि राष्ट्रिय स्तरको एक नमूना समावेशी शिक्षा स्रोत केन्द्रको स्थापना गरियोस ।

१०. पहुँचयुक्त सुचना प्रविधिमा आधारित समावेशी शिक्षा प्रवर्धन गराउन डिजिटल श्रव्य पुस्तकहरू उत्पादन, अनलाईन लाईब्रेरी मार्फत वितरण, श्रोत शिक्षक र प्रयोगकर्ता (अपाङ्गता भएका विध्यार्थीहरु) को क्षमता अभिवृद्धि गराउने कार्यका लागि बजेट विनियोजन गरियोस् ।

......................

मित्रलाल शर्मा

अध्यक्ष